annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २१३, पृष्ठ १० | काठमाडौं, बुधबार २४ मंसिर २०८२ | मार्ग कृष्णपक्ष षष्ठी, नेपाल संवत् ११४६ | WEDNESDAY, DECEMBER 10, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

न पुस्तान्तरण न रूपान्तरण

नवयुवा (जेन-जी)ले दुई दिन मात्रै आन्दोलन के गरेका थिए- कांग्रेस एमालेको दुईतिहाइको सरकार ढल्यो । संसद् बाहिरका व्यक्तिको हातमा सरकारको नेतृत्व पुग्यो । तै पनि, नयाँ पुराना दलमा न पुस्तान्तरणको प्रक्रिया सुरु भएको छ, न त रूपान्तरणको लक्षण नै । उनीहरू पुरानै ढर्रामा पार्टी नेतृत्व हाँक्न खोज्दै छन् । कांग्रेस र एमाले मात्र होइन, नयाँ भनिएका दलमा पनि पुस्तान्तरण र रूपान्तरणको विषय गौण बन्दै गएको छ ।

सुरेन्द्र काफ्ले/राधा खनाल | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

यो हिउँद पनि सुक्खा, तर न्यानो हुने

ललितपुरस्थित च्यासलको पाटीमा न्यानो घामको आनन्द लिँदै ज्येष्ठ नागरिक । हिउँद सुरु भएसँगै बाहिर घाम ताप्ने क्रम बढेको छ । ● सुनिता डंगोल

नितु घले | *काठमाडौं*

यस वर्षको हिउँद पनि पोहोरझैं सुक्खा हुने आकलन गरिएको छ। तीन वर्षदेखि हिउँदमा कम पानी पर्ने तथा कम जाडो हुने क्रम दोहोरिएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

विभागले गत साता सार्वजनिक गरेको 'सिजनल आउटलुक'मा यो वर्ष पनि न्यूनतम तथा अधिकतम तापक्रम बढी हुने देखिएकाले अलि न्यानो हुन सक्ने आकलन गरिएको हो। विभागका अनुसार यस आकलन विश्व मौसम संगठनको विश्वभर तथा क्षेत्रीयस्तरको जलवायु सूचना उत्पादन गर्ने केन्द्रहरूको हावापानी प्रारूपहरूको आकलन, थर्डपोल क्लाइमेट फोरम, दक्षिण एसियाको सिजनल क्लाइमेट आउटलुक फोरमको आकलनको आधारमा तय गरिएको हो।

त्यसैगरी, नेपालको हिउँद अवधिको जलवायुमा प्रभाव पार्ने पूर्वी प्रशान्त महासागरमा विकसित हुने एल निनो र हिन्द महासागरबाट विकसित हुने चापको हालका अवस्थालाई मध्यनजर गरी तयार गरिएको विभागले जानकारी दिएको छ। आगामी हिउँदभरि नै (हिउँदमा नेपालमा सुक्खा गराउने प्रणाली) लानिनाको अवस्था नै रहनुका साथै प्रि–मनसुनको सुरुवातसँगै तटस्थ हुने विश्वव्यापी प्रारूपको आकलन छ।

विभागले गत वर्ष पनि देशभर सरदरभन्दा कम वर्षा हुने र अधिकतम र न्यूनतम तापक्रम बढी हुने आकलन गरेको थियो। सोहीअनुसार देशको अधिकांश भूभागमा सरदरभन्दा कम वर्षा भयो। साथै अधिकतम तथा न्यूनतम तापक्रम बढी मापन गरिएको थियो।

» बाँकी पृष्ठ ६

युक्रेनले तयार पाऱ्यो शान्ति योजना

किभ (एजेन्सी) : युक्रेनले रूसलाई भूमि सुम्पिने सम्झौता गर्नबाट बच्न खोज्दै ह्वाइट हाउसलाई संशोधित शान्ति योजना प्रस्तुत गर्ने तयारी गरिरहेको छ। राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले फेरि भूमि सुम्पिने कुरा अस्वीकार गरेपछि किभले विकल्पहरू प्रस्ताव गर्ने तयारी गरेको हो। उनले युक्रेनी वा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत त्यसो गर्ने अधिकार नभएको पनि जनाएका छन्।

उनको टोलीले चाँडै नै अमेरिकीहरूलाई नयाँ प्रस्ताव पठाउन सक्ने युक्रेनी राष्ट्रपतिले एक पत्रकार सम्मेलनमा जनाए। सोमबार युरोपेली र नेटो नेताहरूसँगको भेटपछि उनले यी टिप्पणी गरेका हुन्। यसैबीच, उत्तर-पश्चिम युक्रेनको सुमी सहर रुसी ड्रोन आक्रमण पछि रातभर बिजुलीविहीन भएको थियो।

क्षेत्रका गभर्नरले भने कि एक दर्जनभन्दा बढी ड्रोनहरूले विद्युत् पूर्वाधारमा प्रहार गरेका छन्, जुन रुसको रात्रिकालीन आक्रमणहरूमा पछिल्लो हो।

Khajurico

खजुरीको नेपाल प्रा.लि.द्वारा उत्पादित पफको गुणस्तरसम्बन्धी भ्रमपूर्ण समाचारका सम्बन्धमा कम्पनीद्वारा जारी

प्रेस विज्ञप्ती

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको प.सं. ०८२/०८३ च.नं. ४१ र ४२ को पत्रको विषयलाई लिएर केही सञ्चार माध्यममा यस कम्पनीद्वारा उत्पादित खाद्य वस्तुहरु पूर्णरुपमा हानिकारक रहेको भन्ने जस्ता भ्रमपूर्ण समाचार प्रकाशित भएको परिप्रेक्ष्यमा कम्पनीको गम्भीर ध्यानाकर्षण भएको छ ।

खजुरीको नेपाल प्रा.लि.ले विगत तीन दशकदेखि विभिन्न खाद्य पदार्थहरु उत्पादन गर्दै आइरहेको र उच्च गुणस्तरकै कारण उपभोक्ताको अपार माया र विश्वासका साथ यस कम्पनीका उत्पादनहरू सर्वाधिक लोकप्रिय रहँदै आएको सर्वविदितै छ ।

गुणस्तरीय उत्पादनमार्फत उपभोक्ताको सेवामा अत्यन्तै सम्वेदनशील रहँदै व्यवस्थापनको लगनशीलतासमेतको सम्मिश्रणबाट खजुरीको नेपाल प्रा.लि.ले ख्याती आर्जन गर्न सम्भव भएको हो । गुणस्तरीय खाद्य पदार्थ उत्पादन वितरण हाम्रो मूल मर्म हो ।

यस पृष्ठभूमिमा कम्पनीले उत्पादन र वितरण गर्दै आइरहेका विविध उत्पादनहरुमध्ये Puff Mfg. Date: 28/10/2025, Exp. Date 28/01/2026, B1-3A, / Mfg. Date: 27/11/2025, Exp Date:f\ 27/02/2026 B1-5a\ का ब्याचमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागद्वारा गुणस्तर मा केही कमजोरी रहेको जानकारी प्राप्त हुनासाथ ती ब्याचमा उत्पादित पफ तत्काल बजारबाट फिर्ता लिइरहेको हाम्रा समस्त उपभोक्ता महानुभावहरू समक्ष सविनय जानकारी गराउँदछौं ।

उत्पादनका सिलसिलामा कहिलेकाँही यस्ता त्रुटीहरू हुन सक्ने विश्वव्यापी अनुभवहरू रहँदै आएका छन् । यस्ता त्रुटीका बारेमा जानकारी प्राप्त हुनासाथ यी उत्पादन बजारबाट फिर्ता लिनु कम्पनीको दायित्व हो र हामीले पनि विश्वव्यापी मान्यतामा रहेको उक्त जिम्मेवारी तत्काल पूरा गरेका छौं । यो त्रुटी सम्पूर्ण उत्पादनमा नभई माथि उल्लेखित ब्याचमा मात्रै रहेको र हाल बजारमा रहेका हाम्रा उत्पादनहरु उच्च गुणस्तरयुक्त रहेको कुरा हाम्रा उपभोक्ताज्यूहरूलाई जानकारी गराउँदछौं । तर केही सञ्चारमाध्यममा हाम्रा सम्पूर्ण उत्पादन नै गुणस्तरहीन रहेको जस्तो गरी प्रकाशित समाचार सत्य नभएको जानकारी गराउँदै यस्ता समाचारप्रति खेद प्रकट गर्दछौं ।

खजुरीको नेपाल प्रा.लि.ले आफ्ना उत्पादनहरु पूर्णरुपमा स्वच्छ र स्वस्थ्य वातावरणमा उत्पादन गर्नुका साथै उत्पादनको गुणस्तरलाई कायम राख्न आफ्ना उत्पादनहरुको नमूना आन्तरिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयोगशालाहरुबाट समेत परीक्षण गराउँदै आइरहेको सविनय जानकारी गराउँदछौं । बजारमा रहेका हाम्रा उत्पादनहरू गुणस्तरबाट प्रमाणित उत्पादन रहेकाले ती उत्पादनहरू सदा भैं निर्धक्कसँग उपभोग गर्नुहुन हामी हाम्रा आम उपभोक्ता महानुभावहरुलाई अनुरोध गर्दछौं ।

अन्त्यमा, भ्रमपूर्ण रुपमा प्रकाशित समाचारप्रति सचेत रहनुहुन र सदा भैं हामीप्रतिको असिम विश्वास कायमै राख्नुहुन हामी हाम्रा प्रिय उपभोक्ताज्यूहरू समक्ष हार्दिक अपिल गर्दछौं ।

दुर्गम गाउँका शिक्षकलाई हेलिकप्टर चढाएर बिदाइ

शिव उप्रेती | *गोरखा*

दुर्गम गाउँका शिक्षकको बिदाइ कसरी गरिएला ? औपचारिक कार्यक्रममा उनको योगदानको मिठो शब्दमा प्रशंसा गरेर, खादामाला पहिऱ्याएर या उपहार, मायाको चिनो प्रदान गरेर ? तर उत्तरी गोरखाका एक शिक्षकको बिदाइ स्मरणीय बनाइएको छ।

उत्तरी गोरखाको धार्चे २ रुञ्चेतका बासिन्दाले गाउँमा प्राथमिक तहको विद्यालय स्थापना गरी निम्न माध्यमिक, माध्यमिक तहसम्म स्तरोन्नति गरेर ३८ वर्ष शिक्षा सेवा गरेका शिक्षकलाई हेलिकप्टर चढाएर बिदाइ गरेका छन्। ०४५ साल फागुन १९ गतेदेखि गण्डकी माध्यमिक विद्यालय रुञ्चेतमा अध्यापन गरेका शिक्षक इन्द्र उपरकोटीलाई मंगलबार गाउँलेले औपचारिक समारोह गरी फूलमाला पहिऱ्याइ हेलिकप्टर चढाएर बिदाइ गरेको वडाअध्यक्ष सरोज गुरुङले जानकारी दिए।

'उहाँ हाम्रो विद्यालयको संस्थापक प्रधानाध्यापक हो। यो स्कुल उहाँले जागिरको पहिलो नियुक्ति लिएको स्कुल पनि हो', वडाअध्यक्ष सरोज गुरुङले भने, 'आज उहाँ ५८ वर्ष पुग्नुभयो। सेवा गरेको पनि ३८ वर्ष बित्यो। त्यसैले हामीलगायत पूर्वविद्यार्थीहरू सबैले एक हजार, दुई हजार रुपैयाँका दरले यथासक्य रकम संकलन गर्‍यौं। अनि उहाँको बिदाइ समारोह

गण्डकी माविका शिक्षक इन्द्र उपरकोटीलाई हेलिकप्टर चढाएर बिदाइ गर्दै गाउँलेहरू । ● तस्वीर : सरोज गुरुङ

गर्‍यौं।' शिक्षक उपरकोटी र उनकी धर्मपत्नी माया उपरकोटीलाई हेलिकप्टरमा चढाएर घर पठाइएको उनले बताए। 'उहाँको जन्मघर त गोरखाको नारेश्वर हो तर, अहिले भरतपुर महानगरपालिका १० मा बस्नुहुन्छ। त्यसैले हामीले गाउँदेखि काठमाडौंसम्म हेलिकप्टर चढाएर पठायौं अनि, काठमाडौंबाट जहाज चढाएर भरतपुर पठायौं', वडाअध्यक्ष गुरुङले भने, 'हेलिकप्टर र जहाज खर्च पूर्वविद्यार्थीले नै जुटाएका हौं।' सो विद्यालयबाट उत्तीर्ण भई विभिन्न व्यवसाय तथा रोजगारी गर्ने एक सय जनाभन्दा धेरैले शिक्षकको बिदाइका लागि आर्थिक संकलन गरेको उनको भनाइ छ।

शिक्षक उपरकोटी प्राथमिक तहका शिक्षक हुन्। उनकै पहलमा सो विद्यालय क्रमशः निमावि र दुई वर्षअघि मात्र माध्यमिक तहमा स्तरोन्नति भएको थियो। एसईई दिएको पहिलो ब्याचले नै गाउँपालिकाका सबै विद्यालयलाई उछिनेर सर्वोत्कृष्ट नतिजा ल्याएको उनको भनाइ छ।

'उहाँको सक्षम नेतृत्वले गर्दा यस विद्यालयले पहिलो पटकको एसईईमा नै धार्चे गाउँपालिकाको सर्वोत्कृष्ट नतिजा ल्याउन हुन सफल भएको थियो', वडा अध्यक्ष गुरुङले भने, 'उहाँ अहिले स्वास्थ्यका कारण अनिवार्य अवकाशभन्दा दुई वर्षअघि नै विद्यालयबाट बिदा लिएर जानुभयो। त्यसैले हामीले यथासक्य सम्मान गरेका हौं।'

बिदाइमा गाउँलेबाट अपेक्षा नगरेको सम्मान प्राप्त गरेको शिक्षक उपरकोटीको भनाइ छ। 'आज बिदाइको दिनमा मैले नसोचेको, कतै नसुनेको, कतै नदेखेको सम्मान पाएँ। मैले त कर्तव्य निर्वाह गर्नुबाहेक के नै गरेको थिएँ र ? तैपनि गाउँलेहरू मसँग यति धेरै खुसी, र सन्तुष्ट रहेछन् भन्ने थाहा पाएँ, उनी भन्छन्, 'म त केही सोच्नै सकिरहेको छैन।'

उनको बिदाइमा धार्चे गाउँपालिकाका सबै माध्यमिक विद्यालयका प्रधानाध्यापक तथा आसपासका आधा दर्जनभन्दा धेरै आधारभूत विद्यालयका शिक्षकहरू पनि सहभागी थिए।

विद्यार्थी तथा गाउँलेहरू रोएर बिदाइ गरेका शिक्षक रामपति गुरुङले जानकारी दिए। रुञ्चेत गोरखाको दुर्गम गाउँ हो। यहाँ गुरुङ र विश्वकर्मा समुदायको मात्र बसोबास रहेको छ। शिक्षाको क्षेत्रमा पिछडिएको यो गाउँमा इन्द्र उपकारकोटीले गण्डकी माविको संस्थापक प्रधानाध्यापक बनेर लामो सेवा गरेका थिए।